पथरी शनिश्चरे नगरपालिका


मोरङ, कोशी प्रदेश, नेपाल


स्थानीय राजपत्र

खण्डः ८ संख्याः २ मितिः २०८१।०६।१६

भाग-२

पथरी शनिश्चरे नगरपालिका





ऐनको नामः नगर स्तरीय उत्कृष्ट कृषक पुरस्कार सम्मान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

स्वीकृत मितिः२०८१/०६/१४

प्रमाणिकरण मितिः२०८१/०६/१६

नगर स्तरीय उत्कृष्ट कृषक पुरस्कार सम्मान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मिति: २०८१/०६/१४

नेपालको भौगोलीक विवधताले उपलब्ध गराएको अवसर र आधुनिक कृषि प्रविधिहरुको उपयोग गरी व्यवसायिक कृषिको माध्यमवाट खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्दै दिगो आर्थिक वृद्धि गर्न सकिने सम्भावना रहेको छ। कृषिलाई उत्पादन, आम्दानी र रोजगारको माध्यमवाट आकर्षक क्षेत्रको रुपमा विकास गर्न र युवाहरुलाई थप प्रोत्साहान गरी कृषि पेशालाई सम्मानित र व्यवसायिक बनाउनु पर्ने भएकोले पथरी शनिश्चरे नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७७ को दफा ३६ बमोजिम नगर स्तरीय उत्कृष्ट कृषक पुरस्कार सम्मान कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ तयार गरि लागु गरिएको छ।

परिच्छेद -१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (क) यो कार्यविधिको नाम नगर स्तरीय उत्कृष्ट कृषक पुरस्कार सम्मान कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ रहेको छ।

(ख) यो कार्यविधि नगरपालिकाको कार्यपालिकावाट स्वीकृत भए पश्चात लागु हुनेछ।

२. परिभाषा: विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "कार्यक्रम " भन्नाले उत्कृष्ट कृषक पुरस्कार सम्मान कार्यक्रमलाई जनाउँदछ।

(ख) "नगर स्तरिय मूल्याङ्कन समिति " भन्नाले दफा ८ बमोजिमको समितिलाई जनाँउदछ।

(ग) "कृषि" भन्नाले बाली (अन्न, दलहन, तेलहन, औद्योगिक), बागवानी (तरकारी, आलु, मसला, पुष्प, फलफूल, चिया, कफि), घाँसे वाली, पशुपन्छी, मत्स्य, च्याउ तथा अन्य व्यवसायिक कीट समेतलाई जनाँउदछ।

(घ) "नगरपालिका" भन्नाले पथरी शनिश्चरे नगरपालिकालाई जनाँउदछ।

(ङ) नगर स्तरीय उत्कृष्ट कृषक पुरस्कार सम्मान कार्यक्रमको न्यूनतम योग्यता भन्नाले यसै कार्यविधिको अनुसूची १ मा उल्लेख भएको न्यूतम मापदण्ड जनाँउदछ।

(च) "शाखा" भन्नाले नगरको कृषि, पशुपन्छी तथा मत्स्य विकास शाखालाई जनाँउदछ।

(छ) "कृषक" भन्नाले कृषि पेशा/व्यवसाय तथ कृषि वस्तु उत्पादनसंग सम्बन्धित सम्पुर्ण कार्य गर्ने व्यक्तिलाई जनाँउदछ।

(ज) "प्रमुख" भन्नाले पथरी शनिश्चरे नगरपालिकाको प्रमुख सम्झनुपर्दछ।

(झ) "उपप्रमुख" भन्नाले पथरी शनिश्चरे नगरपालिकाको उप-प्रमुख सम्झनुपर्दछ।

(ञ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले पथरी शनिश्चरे नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्दछ।

(ट) "शाखा प्रमुख" भन्नाले पथरी शनिश्चरे नगरपालिकाको कृषि तथा पशुपन्छी विकास शाखाको प्रमुखलाई जनाँउदछ।

(ठ) "आर्थिक विकास समिति संयोजक" भन्नाले पथरी शनिश्चरे नगरपालिकाको आर्थिक विकास समितिका संयोजकलाई जनाँउदछ।

३. उद्देश्य:

- कृषकको योगदानलाई उच्च सम्मान गरी मनोबल बढाउन सहयोग पुर्याउने।
- कृषि पेशालाई आकर्षक एवं सम्मानित बनाउन सहयोग पुर्याउने।
- कृषक समुदायमा स्वास्थ्य प्रतिस्पर्धा गराई कृषि लाई व्यवसायिक बनाउन सहयोग पुर्याउने।

४. अपेक्षित प्रतिफल: नगरको प्रतिनिधित्व हुनेगरी ३ जना कृषकहरु वार्षिक रुपमा सम्मानित हुने।

५. प्रतिफलको मापन: वार्षिक रुपमा ३ जना उत्कृष्ट कृषकहरुको पहिंचान भई कृषि उत्पादन बढाउन प्रोत्साहित हुने र कृषि क्षेत्रमा आकर्षण बढाउन सहयोग पुग्ने।

६. लक्षित समुह तथा वर्ग: नगर भरका कृषि पेशामा संलग्न भएका कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्म, कृषि व्यवसाय गर्ने कम्पनी।

परिच्छेद -२

कार्यक्रम संचालन प्रक्रिया

७. उत्कृष्ट कृषक छनौट विधि: यस कार्यक्रम अन्तर्गत उत्कृष्ट कृषकको छनौट देहाय बमोजिम हुनेछ।

क. सूचना प्रवाह: अनुसूची २ बमोजिमको निवेदन र अनुसूची ३ बमोजिमको विवरण संकलन गर्नका लागि नगरले १५ दिने सूचना प्रवाह गर्नेछ।

८. नगर स्तरमा निवेदन संकलन एवं मूल्याङ्कन विधि:

क. नगर स्तरमा कार्यक्रम कार्यानवयन गर्न देहाय बमोजिमको ५ सदस्यीय छनौट तथा मूल्याङ्कन समिति रहनेछ।

संयोजक	नगर उप-प्रमुख
सदस्य	प्रमुख प्रशासकिय अधिकृत
सदस्य	आर्थिक विकास समिति संयोजक
सदस्य	पशुपन्छी शाखा प्रमुख
सदस्य सचिव	कृषि विकास शाखा प्रमुख

ख. दफा ८ को (क) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र बढीमा २ जना सम्बन्धित विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

ग. नगर स्तरमा कार्य मूल्याङ्कन समितिले स्थलगत निरीक्षण गरी अनुसूची ४ मा उल्लेखित मूल्यनङ्कन मापदण्डका आधारमा मूल्याङ्कन गर्नेछ।

घ. दफा ८ को (क) बमोजिमको समितिले कृषकवाट पेश भएको विवरण रुजू गर्न स्थलगत निरीक्षण गरी अनुसूची-४ बमोजिम अन्तिम मूल्याङ्कन गर्नुपर्नेछ।

९. नगर स्तरीय उत्कृष्ट कृषक घोषणा एवं पुरस्कार वितरण

क. मूल्याङ्कन समितिले नगर भरिवाट ३ जना उत्कृष्ट कृषक छनौट गर्नुपर्नेछ।

ख. उत्कृष्ट कृषकहरुलाई नगर प्रमुखज्यूवाट उपयुक्त समयमा पुरस्कार एवं सम्मान गर्ने कार्यक्रम आयोजना गरिनेछ।

ग. नगर स्तरिय उत्कृष्ट कृषकहरुलाई पुरस्कार एवं सम्मान गर्न आवश्यक पर्ने बजेट नगरले वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी व्यवस्था गर्नेछ।

परिच्छेद-३

कार्यक्रमको न्यूनतम मापदण्ड

१०. प्राविधिक पक्ष:

(क) नगर स्तरिय उत्कृष्ट कृषक पुरस्कार छनौट कार्यको लागि नगर भरिका कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्म, कृषि व्यवसाय गर्ने कम्पनीहरुको विवरण माग गर्नेछ।

(ख) नगर स्तरिय उत्कृष्ट कृषक पुरस्कार प्राप्त गरेका कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्म, कृषि व्यवसाय गर्ने कम्पनीहरुलाई पुन: सोही पुरस्कार कार्यक्रममा समावेश गरिने छैन। यद्यपि पहिले पुरस्कृत भएको कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्म, कृषि व्यवसाय गर्ने कम्पनीहरुलाई निरन्तरता दिनेको हकमा फरक विधामा पुरस्कृत गर्ने प्रयोजनार्थ यस कार्यक्रममा समावेश गर्न बाधा पर्ने छैन।

११. आर्थिक पक्ष

(क) नगर स्तरिय उत्कृष्ट कृषक पुरस्कार सम्मानको लागि आवश्यक रकम नगरले कृषि विकास शाखाको बार्षिक बजेट तथा कार्यक्रमको माध्यमबाट व्यवस्था गर्नेछ।

(ख) यस कार्यविधि बमोजिम छनौट भएका कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्म, कृषि व्यवसाय गर्ने कम्पनीहरुलाई प्रमाणपत्र सहित छनौट तथा मूल्याङ्कन समितिले तोके बमोजिमको नगद पुरस्कार निजकै बैङ्क खातामा नियमनुसार कर कट्टा गरि भुक्तानी हुने प्रबन्ध मिलाईनेछ।

(ग) पुरस्कारको राशी समय अनुसार थपघट गर्न सकिनेछ।

परिच्छेद-४

कार्यक्रम व्यवस्थापन, अनुगमन, निरिक्षणको व्यवस्था

१२. कार्यक्रमको अनुगमन: कार्यक्रमको अनुगमन नगरको अनुगमन समितिले गर्नेछ।

१३. कार्वाही हुने: यस कार्यविधि अन्तर्गत नगर स्तरिय उत्कृष्ट कृषक पुरस्कार प्राप्त गर्ने कृषकले झुटो विवरण पेश गरेको पाईएमा नेपाल सरकारको प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

१४. गुनासो व्यवस्थापन:

(क) यस कार्यविधि अन्तर्गत संचालित कार्यक्रममा कुनै गुनासो भएमा छनौट तथा मूल्याङ्कन समिति समक्ष उजुरी गर्न सकिनेछ र गुनासोको सम्बन्धमा उक्त समितिवाट भएको निर्णय अन्तिम हुनेछ।

(ख) यस कार्यविधि अन्तर्गत कार्यक्रम संचालन प्रक्रियामा उल्लेख भएको व्यवस्था अस्पष्ट भएमा यस कार्यविधिको दफा ८ (क) बमोजिमको समितिले स्पष्ट पार्न सक्नेछ।

१५. अनुसूचीहरु हेरफेर गर्न सक्ने: यस कार्यविधिमा संलग्न अनुसूचीहरुमा आवश्यकता अनुसार नगरले हेरफेर गर्न सक्नेछ।

अनुसूची १

नगर स्तरिय उत्कृष्ट कृषक पुरस्कार सम्मान कार्यक्रममा सहभागिताका लागि न्यूनतम मापदण्ड

(तल तालिकामा उल्लेख भएको मध्ये कुनै एक खेती वा पशुपन्छी पालन भएको)

क्र.सं	बाली/वस्तुको नाम	क्षेत्रफल/संख्या (न्यूनतम)	कृषकको हकमा	उत्पादन/कैफियत
		सामुहिक	व्यक्तिगत	
१	अन्नबाली	५ विघा	१ विघा	
२	दलहन, तेल्हन बाली	२ विघा	५ कट्ठा	
३	तरकारी,पुस्ष तथा मसला बाली	१ विघा	५ कट्ठा	
४	आलु	५ विघा	१ विघा	
५	च्याउ	१० वटा टनेल ५०० बर्ग फिट	५ वटा टनेल ५०० बर्ग फिट	
६	आँप,,अम्वा,लिचि,रुखकटहरु,भुईकटहर, अनार,कागति,ड्रगन फ्रुट,अंगुर, काजु	१ विघा	५ कट्ठा	
७	केरा	१ विघा	५ कट्ठा	
८	उखु	१ विघा	५ कट्ठा	
९	मौरी पालन	१०० घार/गोला	३० घार/गोला	
१०	माछा पालन	५ विगाहा	१ विघा	
११	बाख्रा	५० माउ	१० माउ	
१२	वंगुर/सुँगुर	२० माउ	१० माउ	
१३	गाई/भैसी	गाई २० माउ, भैसी २० माउ	गाई १० माउ, भैसी ७ माउ	
१४	कुखुरा	१०००० वटा	२००० वटा	
१५	हाँस	१००० वटा	१०० वटा	
१६	घाँस खेति	२ विघा	१० कट्ठा	
१७	खाद्यान्न बीउ उत्पादन	१ विघा	१० कट्ठा	

शशि पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची २

नगर स्तरिय उत्कृष्ट कृषक पुरस्कार सम्मान कार्यक्रममा भाग लिन कृषकले पेश गर्नुपर्ने निवेदनको ढाँचा

मिति २०८०/०५/

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू
पथरी शनिश्चरे नगरपालिका, पथरी, मोरङ्ग।

विषय: नगर स्तरिय उत्कृष्ट कृषक पुरस्कार सम्मान कार्यक्रममा सहभागी गराई पाँउ भन्नेवारे।

मिति .....को सार्वजनिक सूचना अनुसारको नगर स्तरिय उत्कृष्ट कृषक पुरस्कार सम्मान कार्यक्रममा मलाई सहभागी हुन इच्छा भएकोले मेरो विवरण सहितको निवेदन फारम दर्ता गरि दिनुहुन अनुरोध गर्दछु। यसमा मैले पेश गरेको संलग्न विवरण ठीक छ, झुट्टा ठहरिए कानुन बमोजिम सँहुला/बुझाँउला।

निवेदक
नाम
दस्तखत
ठेगाना
मोबाईल नं

संलग्न गर्नुपर्ने कागजातहरु

१. नेपाली नागरिकता प्रमाणपत्रको फोटोकपि
२. जग्गाको लालपुर्जा वा करार सम्झौताको फोटो कपी
३. समुह/सहकारी/फर्म/कम्पनी व्यवसाय दर्ताको फोटोकपी
४. कर चुक्ता प्रमाण पत्र फोटोकपी।
५. स्थायी लेखा नं. प्रमाणपत्र फोटोकपी
६. सम्बन्धित वडाको सिफारिस।

अनुसूची ३

नगर स्तरिय उत्कृष्ट कृषक पुरस्कार सम्मान कार्यक्रमको लागि कृषकले पेश गर्नुपर्ने विवरण

१. स्रोत साधनको विवरण

क्र.सं.	विवरण	एकाई	परिमाण
१	कृषकसंग भएको स्रोत साधन		
क	कुल जग्गाको क्षेत्रफल (ठेक्का लिएको जग्गा समेत)		
ख	कुल खेति गरिएको क्षेत्रफल		
ग	पशुपालनको लागि प्रयोग गरेको जग्गाको क्षेत्रफल		
घ	माछापालनको लागि प्रयोग गरेको जग्गाको क्षेत्रफल		
ङ	सिंचित जग्गाको क्षेत्रफल		
२	सिंचाईको स्रोत		

२. खेती गरिएको बालीको क्षेत्रफल तथा उत्पादन विवरण

क्र.सं.	विवरण	एकाई	परिमाण	उत्पादन
१	खाद्यान्न बाली			
२	दलहन बाली			
३	तेलबाली			
४	तरकारी बाली			
५	आलु			
६	मसलाबाली			
७	फलफुल			
८	घाँस खेती			
९	मौरी पालन			
१०	बीउ उत्पादन			
११	नर्सरी			
१२	स्रोत केन्द्र (बाली/पशु)			

३. पशुपन्छी पालन तथा उत्पादन विवरण

क्र.सं.	विवरण	एकाई	परिमाण/उत्पादन
१	पशुपन्छी		
२	ठूला पशु संख्या (गाई,गोरु,भैसी,राँगो)		
३	साना पशु संख्या(बाखा,बंगुर/सुंगुर)		
४	प्रजन्नको लागि पालिएको पशुको विवरण		

५	कुखुरा वा अन्य पशुपन्छी		
६	दुध उत्पादन		
७	मासु उत्पादन		
८	अण्डा उत्पादन		
९	माछा उत्पादन		

४. सेवा तथा संस्थागत पहुँच सम्बन्धी विवरण

क.सं	सेवा तथा संस्थागत पहुँच	अति उत्तम	उत्तम	सामान्य	नभएको
१	कृषि कार्यालयसंग सम्पर्क/समन्वय स्थिति				
२	कृषि ऋण स्रोत एवं पहुँच				
३	बाली तथा पशुधन बीमा कार्यक्रममा पहुँच				
४	कार्यक्रम/आयोजनाबाट परियोजना प्राप्ति				
५	प्राविधिकसंगको सम्पर्क स्तिथि				

५. कृषि पेशामा संलग्न कामदारहरुको विवरण

क.सं	कामको किसिम	संख्या	घरेलु कामदार	ज्यामी कामदार
१	खेती कार्यमा			
२	पशुपालन कार्यमा			
३	पन्छी पालन कार्यमा			
४	प्रशीधन तथा बजारीकरण कार्यमा			

६. कृषि व्यवसायमा लगानी स्थिति

क.सं.	सेवा तथा संस्थागत विवरण	बार्षिक खर्च रु	कैफियत
१	जम्मा खेती खर्च		
२	जम्मा पशुपालन खर्च		
३	जम्मा पन्छीपालन खर्च		
४	जम्मा कृषि औजार उपकरण खरिद खर्च		
५	अन्य खर्च		
	कुल जम्मा खर्च		

७. कृषि व्यवसायमा भएको लगानीको स्रोत

क.सं.	लगानीको श्रोत	रमक रु	कैफियत
१	कृषि विकास बैंकवाट लिएको ऋण		
२	अन्य बैंक तथा वित्तिय संस्थावाट लिएको ऋण		

३	समूह/सहकारीवाट लिएको ऋण		
४	वडा कार्यालयवाट प्रमाणीत गरी साहुवाट लिएको ऋण		
५	वडा कार्यालयवाट प्रमाणीत गरी छिमेकीवाट लिएको ऋण		
६	आफनै आम्दानीवाट व्यहोरिने		
*	जम्मा		

८. कृषि पेशावाट बार्षिक पारिवारिक आम्दानीं स्थिति

क.सं.	सेवा तथा संस्थागत विवरण	बार्षिक रु	कैफियत
१	खेती कार्यवाट		
२	पशुपालनबाट		
३	पन्छीपालनवाट		
४	माछापालनवाट		
५	कृषि उपजको बिक्रीवाट		
६	कृषि पेशा अन्तर्गत पर्ने अन्य कुनै माध्यमवाट		

९. प्राविधिक दक्षता

क.सं.	दक्षताको क्षेत्र	स्थिति
१	प्रविधि उपयोग तथा अनुसरण (भएको/नभएको)	
२	स्रोत साधनको अधिकतम सदुपयोग (गरेको/नगरेको)	
३	प्रविधि विस्तारमा योगदान (भएको/नभएको)	
४	रोग किरा नियन्त्रण प्रविधिको उपयोग (भएको/नभएको)	
५	भकारो एवं गोठ सुधार (गरेको/नगरेको)	
६	उत्पादन लगत तथाप्रतिफल सम्बन्धी रेकर्ड व्यवस्थापन (गरेको/नगरेको)	
७	कुनै किसिमको पुरस्कार एवं प्रशंसा पत्र (पाएको/नपाएको)	
८	समूह,समिति,सहकारी सदस्य (भएको नभएको)	
९	स्थानिय स्तरमा आफनो अनुभवको आदान प्रदान (गरेको/नगनरेको)	
१०	खाद्य प्रविधि सम्बन्धी मापदण्ड पूरा (गरेको/ नगरेको)	

१०. नँया कृषि प्रविधिको विकास

११. खेती प्रणालीमा अपनाईएको या प्रविधिहरुको विवरण

१२. कृषि व्यसाय एवं प्रविधिहरुको विस्तृतिकरण

१३. कृषि व्यवसाय प्रवर्द्धनका भावी योजना

१४. कृषकको सफलताको कथा (बढीमा १०० शब्दमा नबढ्ने गरी)

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची–४

नगर स्तरिय उत्कृष्ट कृषक पुरस्कार सम्मान कार्यक्रमको लागि मूल्यांकनको आधारहरु

क्र.सं.	मूल्यांकनका आधारहरु	पूर्णाङ्क	प्राप्ताङ्क
१	स्रोत साधनको स्थिति एवं सदुपयोग	५	
२	स्थानीय समुदायमा कार्य अनुभवको आदान प्रदान एवं योगदान	५	
३	उत्पादन स्थिति/उत्पादकत्व	१०	
४	सेवा तथा संस्थागत पहुँच	५	
५	रोजगारी सृजनाको स्थिति	१०	
६	कृषि व्यवसायमा गरेको आर्थिक लगानीको स्थिति	१०	
७	कृषि व्यवसायबाट प्राप्त आम्दानी एवं प्रतिफल स्थिति	५	
८	विकास कार्यालय र प्राविधिकसंगको सम्पर्क स्थिति	५	
९	प्राविधिक ज्ञान सीपबारे जानकार एवं प्रयोग स्थिति	५	
१०	कृषि व्यवसायको दिगोपन स्थिति	५	
११	सृजनात्मक कार्य गरेको	५	
१२	स्थलगत अनुगमन (FIELD VERIFICATION)	३०	
	जम्मा	१००	

नोट: समितिले मूल्याङ्कन गर्दा उल्लेखित मापदण्डको आधारमा उप-आधारहरु (विस्तृतिकरण) तयार गरी मूल्याङ्कन गर्न सक्नेछ।

आज्ञाले,
शशि राई
प्रमुख प्रशासकीय अधिकृत